यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या ०२/२०८३-०८४ मिति २०८३/०५/११ गते बसेको बैठकका निर्णयहरु सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सार्वजनिक गरिएको छ ।

संवत् २०८३ साल भाद्र ११ गते बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरणः-

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | यस गाउँपालिकामा, रिक्त रहेका विभिन्न पदहरु र गाउँ कार्यपालिकाको सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यक थप गा.पा. करारबाट देहाय बमोजिमका पदहरुमा अपिहिमाल गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०८० बमोजिम पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन एवम स्वीकृति दिने।<br>१. सामीकाउन्सेलर (पाँचौ) -१ जना (संघीय सशर्तको कार्यक्रम)<br>२. अ.हे.व. (चौथो) -१ जना (गाउँपालिकाको स्वीकृत दरबन्दी)<br>३. अ.न.मी. (चौथो) -४ जना (गाउँपालिकाको स्वीकृत दरबन्दी र गाउँपालिका करार)<br>४. जनस्वास्थ्य अधिकृत (सातौं) -१ जना (संघीय सशर्तको कार्यक्रम)<br>५. कृषि प्राविधिक (पाँचौ) -१ जना (गाउँपालिकाको स्वीकृत दरबन्दी)<br>६. सहायक कृषि प्राविधिक (चौथो) -२ जना (गाउँपालिकाको स्वीकृत दरबन्दी र गाउँपालिका करार)<br>७. पशु सेवा प्रविधिक (पाँचौ) -१ जना (गाउँपालिकाको स्वीकृत दरबन्दी)<br>८. सहायक पशु सेवा प्राविधिक (चौथो) -२ जना (गाउँपालिकाको स्वीकृत दरबन्दी र गाउँपालिका करार)<br>९. सर्वेक्षक -१ जना (गाउँपालिका करार)<br>१०.चौकीदार -१ जना (गाउँपालिका करार) |
| | | संघीय सरकारको करदाता सेवा कार्यालयबाट प्रवाह हुँदै गरेका सेवाहरु स्थानीय तहबाट प्रवाह गर्ने सम्बन्धी कार्य संचालन कार्यविधि, २०८२ बमोजिम यस अपिहिमाल गाउँपालिका भित्रका करदाताको सेवालाई गाउँपालिकाबाटै प्रवाह गर्ने गरी सहजीकरण गरिदिन आन्तरीक राजश्व विभाग लाजिम्पाट काठमाडौं लाई आन्तरिक राजश्व कार्यालय डडेल्धुरालाई मार्फत अनुरोध गर्न गाँउ कार्यपालिकाको कार्यालयलाई स्वीकृति एवं निर्देशन दिने। |
| | | मकरीगाड भन्दा माथि डिभिजन सडक बैतडीबाट संचालित सडकको नयाँ ट्र्याक खोल्ने आयोजना अन्तरगत वर्षातका कारण अवरुद्ध भएका स्थानहरुमा तत्काल बाटो सूचारु हुने गरी अवरोध खुलाउन एवमं बाटो सफाई गराउन डिभिजन सडक पाटन बैतडीलाई अनुरोध गर्ने |

रविन्द्र सिंह बोहरा

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी, दार्चुला

| | | |
|---|---|---|
| | | वडा नं. ३ लाई संञ्चार पहुँचमा जोड्नेका लागि वडा नं. ३ को काटैमा नयाँ टेलिकम टवर निर्माण गरिदिन नेपाल टेलिकमलाई अनुरोध गर्ने। |
| | | अपिहिमाल गाउँपालिकाको नवप्रवर्तनमा आधारित उद्यमशीलता तथा आय आर्जन कार्यक्रम्को आवश्यक सहयोगका लागि गाउँ कार्यपालिकाको कार्यालयबाट तयार पारिएको प्रस्ताव स्वीकृति गरी उक्त प्रस्ताव उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम, प्रदेशमा पेश गर्ने। |
| २. | | बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७ बमोजिम अपिहिमाल गाउँपालिकालाई बालश्रम मुक्त पालिका घोषणा गर्ने कार्यविधि वडा तहबाटैपूरा गर्ने गरी तदारुकताका साथ काम गर्न देहाय बमोजिम कार्यदल गठन गरी काम गर्न निर्देशन दिने।<br><br><u>देहायः</u><br>सम्बन्धीत वडाका वडाअध्यक्ष -संयोजक<br>बाल कल्याण अधिकारी श्री मदन राज जोशी -सदस्य<br>रोजगार सहायक श्री असोक सिंह धामी -सदस्य<br>सम्बन्धीत वडाको वडा सचिव -सदस्य सचिव |
| ३. | शिक्षा यूवा तथा खेलकूद शाखा | मानव अधिकार छैटौं राष्ट्रिय कार्य योजना (२०८३/०८४-२०८७/०८८) बमोजिम यस अपिहिमाल गाउँपालिकामा कार्ययोजनामा उल्लेखित कृयाकलाप कार्यान्वयनमा समन्वय र सहजीकरण गर्न देहाय अनुसार स्थानीय तह समन्वय समिति गठन गरी कार्य गर्न निर्देशन गर्ने।<br><br><u>देहायः</u><br>१. अध्यक्ष श्री भक्त सिंह ठेकरे बोहरा - संयोजक<br>२. उपाध्यक्ष श्री देवकी देवी बोहरा - सदस्य<br>३. सबै वडाका वडाध्यक्षहरु - सदस्य<br>४. अधिकृत मदन राज जोशी - सदस्य<br>५. बहादुर ठेकरे, अपिहिमाल ४ - सदस्य<br>६. पोखर सिंह रोकाया, अपिहिमाल ४ - सदस्य<br>७. कौशिला ठेकरे, अपिहिमाल ४ - सदस्य<br>८. प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव |
| ४. | पर्यटन इकाइ | अपिहिमाल गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा साझेदारी भूमिकामा रहेको दिगो पर्यटन परियोजना (STP) बाट प्रस्ताव गरिएको बजेट तथा कार्यक्रमलाई अनुमोदन गरी स्वीकृतिको लागि नेपाल पर्यटन बोर्ड दिगो पर्यटन परियोजना र सुदूरपश्चिम उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई पठाउने। |

सिंह बोहरा
अध्यक्ष

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| ५. | स्वास्थ्य शाखा | यस अपिहिमाल गाउँपालिकाका आम जनसमुदायको स्वास्थ्यलाई मध्यनजर गर्दै मुख स्वास्थ्य तथा क्यान्सर सचेतना अभियान मूलक स्वास्थ्य शिविर संचालन साझेदारीका लागि ह्याप्पी स्माइल हेल्थ फाउण्डेशन, काठमाण्डौंले गरेको प्रस्ताव स्वीकृत गरी थप कार्य अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति एवंम निर्देशन दिने । । |
| ६. | आर्थिक प्रशासन शाखा | अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० बमोजिम आर्थिक सहायताका लागि पेश हुन आएका निवेदनका निवेदकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने । |
| ७. | | पालिकाको केन्द्र सम्म जोड्ने बाकी सडक पुरा गर्ने आ.व. २०८३/०८४ को विनियोजित बजेटमा भएको रु १०००००० ।०० (दश लाख रुपैयाँ) ले अपुग हुने भएकाले सो रकममा रु २०००००० ।०० (बिस लाख रुपैयाँ) आगामी गाउँ सभाको बैठकबाट अनुमोदन हुने गरी थप गर्ने र जम्मा रु ३०००००० ।०० (तीस लाख रुपैयाँ) बराबरको स्रोत सुनिश्चित गर्ने । उक्त बकी काम तत्काल सुरु गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने।। |
| | योजना तथा पूर्वाधार शाखा | वर्षातको बेला खोला, भल आदिले गर्दा बिग्रेको वा पहिरोले भत्काको रेला देखि अपिहिमाल जोड्ने सडकको गुणस्तर सुधार एवंम सफाई कार्य तत्काल सुरु गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन एवंम स्वीकृति दिने । |
| | | अपिहिमाल गाउँपालिका वेस क्याम्प लगायत अपिहिमालका पर्यटन गन्तव्यहरुमा गुणस्तरीय पर्यटकीय पूर्वाधार निर्माण संचालन एवम् व्यवस्थापनका लागि अपि नम्पा संरक्षण क्षेत्रको जग्गा लिजमा प्रासि सम्बन्धी गाउँ कार्यपालिकाको कार्यालयबाट तयार पारिएको प्रस्ताव स्वीकृति गरी उक्त प्रस्ताव नेपाल सरकारमा पेश गर्ने |
| | | आ.व. २०८२/०८३ मा निर्माण सम्पन्न भएका अपिहिमाल गाउँपालिकाका विभिन्न स्थानका गेटहरु पेन्टिङ गर्ने कार्य थाल्न गाउँपालिकाको कार्यालयलाई निर्देशन एवंम स्वीकृति दिने। |
| | | पालिकाको केन्द्र सम्म जोड्ने बाकी सडक पुरा गर्ने आ.व. २०८३/०८४ को विनियोजित बजेटमा भएको रु १०००००० ।०० (दश लाख रुपैयाँ) ले अपुग हुने भएकाले सो रकममा रु २०००००० ।०० (बिस लाख रुपैयाँ) आगामी गाउँ सभाको बैठकबाट अनुमोदन हुने गरी थप गर्ने र जम्मा रु ३०००००० ।०० (तीस लाख रुपैयाँ) बराबरको स्रोत सुनिश्चित गर्ने । उक्त बकी काम तत्काल सुरु गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने। |

सिंह बोहरा
प्रवक्ता